नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई

पत्र संख्याः ०८१/८२
चलानी नं.:

चौतारा, सिन्धुपाल्चोक
फोनः-०११-६२०१२५ (सिन्धुपाल्चोक), ०११-६६२२५८ (काभ्रे)
इमेलःpmamp.piu.sindhupalchok@gmail.com

मितिः २०८१/११/०८

**गाई/भैसी जोन सञ्चालन समन्वय समिति पुर्नगठन सम्बन्धि सार्वजनिक सूचना !**

यस परियोजना कार्यान्वयन एकाई अन्तर्गत काभ्रेपलाञ्चोक जिल्लामा सञ्चालित गाईभैसी जोन सञ्चालन समन्वय समिति पुर्नगठन गर्नुपर्ने भएकोले परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को दफा दफा ४.३.१२ (क) बमोजिम यस कार्यालयको मिति २०८१/०५/१९ गते प्रकाशित गरेको यस परियोजनामा सूचिकृत हुने बारेको सूचना बमोजिम यस कार्यालयमा सूचिकृत भएका (विगतका आ.ब.मा सूचिकृत भएका समेत) ईच्छुक कृषक समूह/सहकारी/संस्था/कम्पनी/समिति तर्फबाट जिम्मेवार कृषक ब्यवसायीहरु तपशिलको मिति, स्थान र समयमा सञ्चालन हुने **"गाईभैसी जोन सञ्चालन समन्वय समिति पुर्नगठन सम्बन्धि आम भेलामा"** सहभागी हुन आब्हान गरिएको सार्वजनिक यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

१. **गाईभैसी जोन सञ्चालन समन्वय समिति पुर्नगठन सम्बन्धि आमभेला**

मिति : २०८१/११/११ गते
स्थान : कृषि विकास कार्यालयको सभाहल, धुलिखेल, काभ्रे
समय : विहान ११ बजे

**शर्तहरुः-**

१. गाई/भैसी जोन सञ्चालन समन्वय समितिमा छनौट हुनका लागि अनिवार्य रुपमा ब्यवसायिक रुपमा गाई/भैसी पालन वा दुध मूल्य अभिबृद्धि ब्यवसायमा प्रत्यक्ष संलग्न भएको हुनैपर्नेछ।
२. गाई/भैसी जोन सञ्चालन समन्वय समिति पुर्नगठन प्रकृयामा सहभागी हुन परियोजना कार्यान्वयन एकाईमा सूचिकृत/नविकरण भएका कृषक समूह/सहकारी/फर्म/संस्था/समितिका आधिकारीक सदस्य वा जिम्मेवार कृषकहरु हुनुपर्नेछ ।
३. गाई/भैसी जोन सञ्चालन समन्वय समितिमा सदस्य हुने कृषक ब्यवसायीहरुको नागरिकताको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
४. गाई/भैसी जोन सञ्चालन समन्वय समितिमा ३ जना महिला सदस्य सहित ९ जना कृषक ब्यवायीहरु छनौट हुनेछन।
५. गाई/भैसी जोनको कार्यक्षेत्र पनौती न.पा., धुलिखेल न.पा., बनेपा न.पा., पाँचखाल न.पा., मन्डनदेउपुर न.पा., नमोबुद्ध न.पा., बेथानचोक गा.पा., रोशी गा.पा., भुम्लु गां.पा., चौरी देउराली गा.पा.हरुबाट सम्भव भएसम्म सबैक्षेत्र समेटिनेगरी गाई/भैसी जोन सञ्चालन समन्वय समिति पुर्नगठन हुनेछ ।
६. माथि तोकिएको स्थान, मिति, समयमा सहभागी नहुने कृषक समन्वय समितिमा सदस्य हुन पाउने छैन।

(सुरेन्द्र प्रसाद पोखरेल)
वरिष्ठ कृषि अधिकृत